# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ९, संख्याः ७, मितिः २०८२/०७/३०

## भाग–२

## भरतपुर महानगरपालिका प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि,२०७८ (दोस्रो संशोधन २०८२)

**भरतपुर महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि,२०७८ (दोस्रो संशोधन २०८२)

पारित मिति २०८२/७/२५

प्रमाणिकरण मिति २०८२/७/३०

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक नियुक्ति गर्ने प्रकृयालाई सहजीकरण होस भन्ने उद्धेश्यले, भरतपुर महानगरपालिका प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि २०७८ लाई देहाय बमोजिम दोश्रो संशोधन गर्न वान्छनीय भएकाले ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम भरतपुर महानगरपालिका प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि,२०७८ (दोस्रो संशोधन २०८२) रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

ग) मूल कार्यविधिको दफा (८) को उपदफा (२) देहाय बमोजिम संशोधन गरिएको छ ।

**संशोधित व्यवस्थाः**

२. उपदफा (१) बमोजिम पुनः दरखास्त आह्वान गर्दा विज्ञापन गर्ने विद्यालयले विज्ञापनमा आफ्नो विद्यालयमा भएको स्वीकृत दरवन्दी सम्बन्धी विवरण खुलाई महानगरपालिका भित्रका सबै विद्यालयहरुको उल्लिखित विषयगत दरवन्दीमा कार्यरत शिक्षकहरुबाट मात्र दरखास्त आह्वान गर्नुपर्नेछ ।

---

आज्ञाले

**लक्ष्मी प्रसाद पौडेल**

प्रमुख प्रशासकीय अधिकृत